جمعية الدعوة والإرشاد وتوعية الجاليات بالزلفي

مشروع تَعلَّم الإسلام – أحكام اليوم الآخر

# पाठ - 1
## प्रलोकको बिषय

# الدرس الأول - نيبالي
## اليوم الآخر

ईमानको वुसूल र त्यसको ६ वटा स्तमभहरु मध्ये एउटा प्रलोक प्रति विशवास राख्नु पनि हो, प्रलोकको बारेमा अल्लाहको किताब र रसूल ﷺ को सही हदीसमा जे जे लेखिएको छ त्यस प्रति विशवास नगरे सम्म कुनै पनि व्यक्ति मोमिन हुनेछैन ।

प्रलोकको ज्ञान प्राप्त गर्नु र अधिक भन्दा अधिक त्यसलाई ध्यानमा राख्नु जरुरि छ , किन भने यस प्रकार मनुष्यको आत्मामा सुधार आउँछ , अल्लाहको डर पैदा हुन्छ , र इस्लाम माथि स्थिरता प्राप्त हुन्छ, तसर्थ यदि प्रलोकको कष्ट र कठिनाई बिर्सनु भयो भने हृदयमा पाप र कठोरताले जनम लिन्छ , अल्लाह तआलाले भन्नु भयो:

فَكَيْفَ تَتَّقُونَ إِنْ كَفَرْتُمْ يَوْمًا يَجْعَلُ الوِلْدَانَ شِيبًا ﴾ [المزمل:١٧] त्यस दिनबाट कसरि बाँच्छौं, जुन् दिन्ले बच्चाहरुलाई बृद्ध बनाइ दिनेछ। र अर्को ठाउँमा भन्नु भयो:

يَا أَيُّهَا النَّاسُ اتَّقُوا رَبَّكُمْ إِنَّ زَلْزَلَةَ السَّاعَةِ شَيْءٌ عَظِيمٌ يَوْمَ تَرَوْنَهَا تَذْهَلُ كُلُّ مُرْضِعَةٍ عَمَّا أَرْضَعَتْ وَتَضَعُ كُلُّ ذَاتِ حَمْلٍ حَمْلَهَا وَتَرَى النَّاسَ سُكَارَى وَمَا هُمْ بِسُكَارَى وَلَكِنَّ عَذَابَ اللهِ شَدِيدٌ ﴾ [الحج:١-٢]

हे मानिसहरु ! आफ्नो पालनकर्ता सित डर मान्ने गर, निश्चय नै कयामतको भुकम्प साह्रै भयँकर कुरो हो, जुन् दिन् त्यसलाई तिमीले देखने छौं, अवस्था यो हुन्छ कि प्रत्येक दुध खुवाउने आमा आफ्नो दुध खाने बच्चाहरुलाई बिर्सि दिने छिन् , र प्रत्येक गर्भवतीको गर्भपात भइ हाल्ने छ , र तिमीले मानिसहरुलाई नाशा लागेको अवस्थामा देखने छौं जबकि तिनीहरुलाई नाशालागेको हुने छैन्, बरु अल्लाहको सजाय धेरै कठोर कुरो हो ।

संसारमा हरेक जीव वस्तुको अन्त मृत्यु नै हो, अल्लाह तआलाले भन्नु भयो: كُلُّ نَفْسٍ ذَائِقَةُ प्रत्येक ज्यानले मृत्युको मज्जा चाख्नु पर्नेछ अर्को ठाउँमा भन्नु भयो: كُلُّ مَنْ عَلَيْهَا فَانٍ प्रत्येक प्राणी जुन् यस धरतिमा छ नाशवान हुनेछ। र अल्लाहले आफ्नो नबी ﷺ लाई भन्नु भयो إِنكَ مَيِّتٌ وَإِنَّهُمْ مَيِّتُونَ हे पैगम्बर ! अवश्य तपाइलाई मृत्यु आउने छ र यिनीहरु पनि मरने छन् । तसर्थ संसारको कुनै पनि मानवले सँधै बसने निरन्तर छैन, अल्लाह तआलाले भन्नु भयो:

وَمَا جَعَلْنَا لِبَشَرٍ مِنْ قَبْلِكَ الخُلْدَ أَفَإِنْ مِتَّ فَهُمُ الخَالِدُونَ [الأنبياء:٣٤]

हामीले तपाई भन्दा पहिला पनि कसैलाई अमरता पर्दान गरेका छैनौं। र यहाँ केहि कुराहरु तिर संकेत दिनु उचित छ

१ - अधिक मानिसहरु मृत्यु प्रति सावधान छैनन्, जबकि यो एउटा निशचित कुरो हो, जसमा कुनै प्रकारको संदेह छैन, तसर्थ एउटा मुस्लिमले प्रलोकलाई ध्यानमा राख्नु पर्छ , र संसारमा हुँदा हुँदै प्रलोकको लागि राम्रो कर्म गरि पुण्य आर्जन गर्नु पर्छ , र त्यसको तयारि गर्नु पर्छ , रसूल ﷺ ले भन्नु भयो

اغْتَنِمْ خَمْسًا قَبْلَ خَمْسٍ: حَيَاتَكَ قَبْلَ مَوْتِكَ، وَفَرَاغَكَ قَبْلَ شُغْلِكَ، وَغِنَاكَ قَبْلَ فَقْرِكَ، وَشَبَابَكَ قَبْلَ هَرَمِكَ، وَصِحَّتَكَ قَبْلَ سَقَمِكَ

पाँच कुरा भन्दा पहिला पाँच कुराको लाभ उठाउने प्रयास गर, मृत्यु भन्दा पहिला जीवन्को, रोग भन्दा पहिला स्वास्थको, व्यसत्ता भन्दा पहिला फुरसदको, बृद्ध भन्दा पहिला जवानीको, र लाचार हुने भन्दा पहिला धन र सम्पत्तिको» र यो कुरा नबिर्सनु कि मुर्दा कबरमा आफु सँग संसारबाट केहि लिएर जादैन, ऊ सँग आफ्नो कर्म बाहेक अरु केहि हुदैन, त्यस कारण राम्रो कर्म जम्मा गर्ने प्रयास गर जसले प्रलोकमा सँधैका लागि सु:ख दिन्छ र अल्लाहको कृपाले सजायबाट मुक्ति पनि पाइन्छ ।